का.जि.प्र.का.द.नं. १००/०५९/६०

२७ माघ २०७९,
शुक्रबार
10 February 2023,
Friday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २१, अंक १६ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

## संसदमा आज राष्ट्रपतिको सम्बोधन



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २६ माघ ।

राष्ट्रपति विद्यादेवी भण्डारीले आज संघीय संसदको संयुक्त बैठकलाई सम्बोधन गर्दै छिन् ।

अपरान्ह ३ बजे संघीय संसद भवन नयाँबानेश्वरमा राष्ट्रपतिले सम्बोधन गर्ने कार्यक्रम तय भएको संसद सचिवालयले जनाएको छ । त्यसका लागि सचिवालयले आवश्यक तयारी गरिसकेको छ ।

संघीय संसद सचिवालयका सहायक प्रवक्ता दशरथ धमलाकाअनुसार राष्ट्रपतिले गर्ने सम्बोधनप्रति प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले प्रतिनिधिसभा र राष्ट्रियसभामा छुट्टाछुट्टै टेबल गर्नेछन् । त्यसपछि दुवै सदनले धन्यवादको प्रस्ताव पारित गर्नेछ ।

नेपालको संविधानको धारा ९५ बमोजिम विहीबार माघ २७ गते तीन बजे संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई राष्ट्रपतिले सम्बोधन गर्न लागेकी हुन् । संविधानको धारा ९५ मा राष्ट्रपतिले संघीय संसदको कुनै सदनको बैठक वा दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्न र त्यसकालागि सदस्यको उपस्थिति आह्वान गर्न सक्नेछ भन्ने व्यवस्था छ ।

यस्तै सोहीधाराको उपधारा २ मा 'राष्ट्रपतिले प्रतिनिधि सभाको निर्वाचनपछिको पहिलो – बाँकी पृष्ठ २ मा

## भर्चुअल बैठकलाई मान्यता

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २६ माघ ।

संघीय संसदमा भर्चुअल बैठकले कानुनी मान्यता पाउने भएको छ । प्रतिनिधिसभा नियमावली मस्यौदा समितिले भर्चुअल बैठकलाई कानुनी मान्यता दिने व्यवस्था प्रतिनिधिसभा नियमावली २०७९ मा राख्ने गरी निर्णय लिएका छन् ।

समितिको निर्णय अनुसार भर्चुअल बैठक सम्बन्धी व्यवस्थाका लागि छुट्टै व्यवस्था गरिनेछ । जहाँ कार्यव्यवस्था परामर्श समितिको परामर्शमा सभामुखको निर्णयका आधारमा संसद र संसदीय समितिको बैठक राख्न सकिने भनी लेखिनेछ । 'प्राकृतिक प्रकोप वा महामारीको कारण भौत्तिक उपस्थितिमा बैठक बस्न सम्भव छैन भन्ने विषयमा सभाका कम्तीमा – बाँकी पृष्ठ २ मा






बिहीबार सुदूरपश्चिम प्रदेशसभाको सबैभन्दा ठूलो दल नेपाली कांग्रेस संसदीय दलका नेता कमलबहादुर शाहलाई मुख्यमन्त्री नियुक्त भएको पत्र दिँदै प्रदेश प्रमुख देवराज जोशी ।

### एक महिनामै बदलियो सरकार

# सत्तारुढमा सुदूरपश्चिमबाट संकट

**दीपेन्द्रविक्रम तामाङ/मध्यान्ह**
काठमाडौं, २६ माघ ।

सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री राजेन्द्र रावल पदमुक्त भएका छन् । उनी नेतृत्वको सरकार एक महिनामै ढलेको हो ।

बिहीबार रावलले आफूलाई विश्वासको मत दिन प्रदेशसभामा गरेको प्रस्तावमाथि छलफल नै हुन सकेन । कारण- मुख्यमन्त्रीले राखेको छलफलको प्रस्ताव नै बहुमतले अस्वीकृत हुन पुग्यो । यसको पनि कारण छ - निर्णायक मानिएको नागरिक उन्मुक्ति पार्टीका सबै सात सांसद प्रदेशसभा बैठकमा अनुपस्थित रहनु । उनीहरुको अनुपस्थितिका कारण मुख्यमन्त्री रावलले विश्वासको मत पाउन नसकेका हुन् ।

२७ पुसमा नाउपासमेतको समर्थनमा मुख्यमन्त्री नियुक्त भएका रावलले संविधान अनुसार ३० दिनभित्र विश्वासको मत लिनुपर्ने थियो । त्यस अनुसारको प्रस्ताव नै अस्वीकृत भएपछि रावल नेतृत्वको सरकार एक महिनामै ढल्न पुग्यो ।

रावल नेतृत्वको सरकार ढलेपछि सुदूरपश्चिम प्रदेशमा नेपाली कांग्रेसका कमलबहादुर शाह मुख्यमन्त्रीमा नियुक्त भएका छन् । प्रदेश प्रमुख देवराज जोशीले संविधानको धारा १६८ को उपधारा ३ अनुसार प्रदेश सभाको सबैभन्दा ठूलो दलको संसदीय दलको नेताको हैसियतमा शाहलाई मुख्यमन्त्री नियुक्त गरेका हुन् । उनले पनि एक महिनाभित्र विश्वासको मत लिनुपर्छ ।

शाहले मुख्यमन्त्रीमा विश्वासको मत पाउन वर्तमान केन्द्रीय सत्ता साझेदार दलको एकता टुट्नुपर्छ । किनभने शाहलाई माओवादी केन्द्रको साथ बिना बहुमत पुग्दैन । माओवादीले शाहलाई विश्वासको मत दिँदा संघीय सरकारमा रहेको एमालेले के निर्णय लिन्छ । यसले मुलुकको राजनीतिक कोर्स अगाडि जाने नेताहरु बताउँछन् ।

> चार मंसिरमा सम्पन्न चुनावपछि बनेको सरकार एक महिनामै ढलेर सुदूरपश्चिम प्रदेशबाट राजनीतिक अस्थिरताको शुरुवात भएको हो । यसको छनक केन्द्रीय राजनीतिमा पनि देखा पर्न थालिसकेको छ ।

राष्ट्रपतिको निर्वाचनलाई राजनीतिक कोर्सको बिन्दुका रुपमा पनि कतिपयले अर्थ्याइरहेका छन् । कांग्रेस नेताहरु एमाले र माओवादीको गठबन्धन सुदुरपश्चिमबाट टुट्ने दाबी गरिरहँदा त्यसको प्रष्ट आधार राष्ट्रपति निर्वाचनलाई देखाइरहेका छन् । अर्थात, केन्द्रीय गठबन्धन अनुसार सुदुरपश्चिम प्रदेशका नवनियुक्त मुख्यमन्त्रीले विश्वासको मत पाउने वा नपाउने भर पर्छ । केन्द्रीय समीकरण नफेरिए शाह नेतृत्वको सरकार पनि एकै महिनामा ढल्न सक्छ ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई प्रधानमन्त्री बनाउन समर्थन गरेको नागरिक उन्मुक्तिले मत नदिएपछि २८ र २९ माघमा माओवादी नेता भीम भण्डारी सुदूरपश्चिममा सभामुखमा निर्वाचित हुन सकेनन् । तर अन्तिम अवसर रहेको ३ माघमा नागरिक उन्मुक्तिले मत दिएर भण्डारी सभामुख र एमालेकी कोइलीदेवी चौधरी उपसभामुख निर्वाचित भइन् । त्यसबेला पनि नागरिक उन्मुक्तिले प्रदेशस्तरमा नभएर सत्तारुढको शीर्ष नेतृत्वसँगै – बाँकी पृष्ठ २ मा

## मनपरी शुल्कको दमन



> अहिले शिक्षा क्षेत्रमा विकृति झनै बढ्न थालेको छ । स्कुल/कलेजले जथाभावी शुल्क लिएर पढाइरहेका छन्, यसलाई रोक्न सरकारले निश्चित मापदण्ड तय गरि अनुगमनमा कडाइ गर्न अत्यावश्यक छ ।
>
> **प्रा. डा. विद्यानाथ कोइराला**
> शिक्षाविद्

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २६ माघ ।

नेपालको संविधानको धारा ३१ ले शिक्षालाई मौलिक हककै रुपमा स्थापित गरेको छ । तर, व्यवहारिक रुपमा भने पैसा नहुनेलाई उच्च शिक्षा हासिल गर्नु निकै जटिल बन्दै गएको छ । जसको विरोधस्वरुप बिहीवार मात्रै विजुली बजारमा रहेको चक्रवर्ती ल कलेजका विद्यार्थीहरूले शिक्षण शुल्क वृद्धिको विरोधमा प्रदर्शन गरेका छन् । 'विद्यार्थीमाथि दमन गर्न पाइँदैन', 'विद्यार्थीलाई लुट्न पाइँदैन' लगायत लेखिएका प्लेकार्ड बोकेर उनीहरुले विरोध गरेका हुन् । कलेजले १० लाख ७० हजार रुपैयाँ शुल्क लिएपछि त्यही अनुसार सेवा सुविधा दिनुपर्ने माग राख्दा कलेजले निष्कासन गर्ने धम्की दिएको र २० जनालाई छात्रवृत्ति दिनुपर्नेमा १० जनालाई मात्रै दिएर ठगी गरेको उनीहरुको आरोप छ । पछिल्ला दिनमा प्रायः क्याम्पसहरुले विद्यार्थीबाट मनलाग्दी पैसा असुलिरहेका छन् ।

केही समयअगाडि चिकित्सा शिक्षा आयोगले तोकेभन्दा लाखौं बढी शुल्क विद्यार्थीबाट असुल्ने प्रयास गरेको नोबेल मेडिकल कलेजको कदमको विरोधमा उभिने विद्यार्थी पढाइबाटै बञ्चित भएका थिए । कलेजले लाखौं अतिरिक्त शुल्क नै तोकेर थप आर्थिक भार बोकाउने भएपछि विद्यार्थी र अभिभावकले ज्ञापन पत्र समेत बुझाएका थिए ।

'अहिले शिक्षा क्षेत्रमा विकृति झनै बढ्न थालेको छ, स्कुल/कलेजले जथाभावी शुल्क लिएर पढाइरहेका छन्, यसलाई रोक्न सरकारले निश्चित मापदण्ड तय गरि अनुगमन गर्नु अत्यावश्यक देखिन्छ, शिक्षाविद् डा.विद्यानाथ कोईरालाले भने । उनले विद्यालय अनुमति देखि लिएर शिक्षक नियुक्ति, छात्रवृति वितरण, व्यवस्थापन समिति गठन र कलेजको शुल्क समेत सबैमा सरकारी नियमन आवश्यक रहेको बताए ।

अझ, पछिल्ला दिनमा विद्यालयमा समेत मनपरी शुल्क लिन थालेपछि कतिपय विद्यालयलाई सरकारले स्पष्टिकरण समेत सोध्दै आएको छ । बालुवाटारस्थित मेरियडयन स्कूल, ललितपुरको युलेन्स स्कूल, संस्कृति, रातो बंगला, जेम्स लगायतका धेरै स्कूलले अनावश्यक शुल्क लिएको भन्दै उजुरी र कतिपय कारवाहीमा समेत परेका थिए । कतिपय अभिभावकले पनि खर्चै नभएका शीर्षकसमेत समेटेर भर्ना, यातायत, खाजा, स्टेशनरी, पुस्तकालय लगायत शुल्क तिर्न बाध्य पारिरहेको गुनासो गर्दै आएका छन् ।

'हामीले मनपरी शुल्क उठाउने स्कूल, कलेजलाई कानून बमोजिम कारवाही गर्ने र कतिपयमा अनुगमन गरेर चेतावनी दिने पनि – बाँकी पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

# एकै व्यक्तिको दुई म्यानपावर ! विभागले देख्यो कि सुन्यो ?

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ माघ ।

वैदेशिक रोजगार विभागले वैदेशिक रोजगार ऐनको प्रावधान विपरीत केही व्यवसायी अहिले पनि विभिन्न म्यानपावर कम्पनीमा शेयर होल्डर रहेको भन्दै एक हप्ताभित्र एउटा म्यानपावर कम्पनीको शेयर छोड्नुपर्ने बताएको छ ।

२०७५ सालमा केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन जारी हुँदा धरौटी वृद्धिसँगै एकाघर सगोलका परिवारको शेयर रहेको एक भन्दा बढी संस्थालाई ईजाजत नदिने व्यवस्था गरी एकाघर संगोलका परिवारको नाममा विभिन्न म्यानपावर कम्पनीमा शेयर रहेको भए ६ महिनाभित्र एक आपसमा गाभिनुपर्ने बाध्यकारी व्यवस्था गरिएको थियो ।

ऐन कार्यान्वयनमा आएको साढे तीन वर्षपछि मात्र विभागले ऐनको दफा ११ (ख)मा उल्लेखित प्रावधानतर्फ चासो देखाएको छ । ऐनको उक्त दफामा एकाघर सगोलका परिवारका सदस्य शेयर रहेको एकभन्दा बढी संस्थालाई ईजाजतपत्र दिइने छैन भन्ने कानुनी व्यवस्था रहेको छ ।

विभागसँग म्यानपावर कम्पनीका शेयर होल्डर छुट्टै दर्ता किताब रहने व्यवस्था छ । तर विभागले आफूसँग रहेको अभिलेखबाट यकिन गरिएको नभनी ऐनको बर्खिलाप हुने गरी केही व्यक्ति एक भन्दाबढी म्यानपावर कम्पनीमा शेयर होल्डर रहेको सुन्नमा आएको बिहीबार जारी सूचनामा उल्लेख गरेको छ ।

विभागले एक हप्ताभित्र फरक-फरक कम्पनीमा रहेको शेयर दाखिल खारेज नगरे त्यस्ता कम्पनीको कारोबार रोक्का गरी इजाजतपत्र (लाईसेन्स) खारेजीको प्रक्रियामा लैजाने बताएको छ । वैदेशिक रोजगार ऐनमा भएका सगोलका परिवारका सदस्यको शेयर फरक-फरक कम्पनीमा रहेको पाइए इजाजतपत्र नवीकरण नहुने व्यवस्था छ ।

## मञ्चको अध्यक्षमा रावल



**काठमाडौं/मस-** वैदेशिक रोजगार व्यवसायी प्रगतिशील मञ्च नेपालको नेतृत्व परिवर्तन भएको छ । मञ्चका निर्वाचित अध्यक्ष राजेन्द्र भण्डारी नेपाल वैदेशिक रोजगार व्यवसायी संघको अध्यक्षमा निर्वाचित भएपछि मञ्चका महासचिव जनक रावल मञ्चको अध्यक्ष बनेका हुन् । उनी दुई कार्यकाल मञ्चको सदस्य, दुई कार्यकाल उपाध्यक्ष र एक कार्यकाल महासचिव थिए । उप-महासचिव मिलन कट्टेलले महासचिवको जिम्मेवारी पाएका छन् ।

संघको गत निर्वाचनमा उनी मञ्चको तर्फबाट महासचिवको उम्मेदवार बनेका थिए । यसअघिका सचिव राजेद्र अधिकारीले उप-महासचिव र श्याम चन्द्र खतिवडाले सचिवको जिम्मेवारी पाएका छन् ।

अध्यक्ष रावल रावल इन्टरनेशनल प्रालि, महासचिव कट्टेल एसिया लिंक प्रालि, उपमहासचिव अधिकारी जेजे ह्युमन रिसोर्स प्रालि र सचिव श्याम चन्द्र खतिवडा क्यारियर ईन्टरनेशनल प्रालिका सञ्चालक हुन् । मञ्चका अन्य पदाधिकारी र सदस्यहरु भने यथावत रहेका छन् ।


## UAE मा SECURITY GUARD हरुलाई रोजगार

**Company: Transguard Group LLC.**

पूर्व स्वीकृत मिति: २०७९/१०/२२ चलानी नं.: ६०१९६२९७ LT No.: 280527

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED . | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security Guard | 100 | 100 | काममा दक्ष | 1200 | ४३,३५१।- | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | छ | २ वर्ष |
| २. | Housekeeper | 100 | 90 | | 900 | ३२,५१३।- | | | | | | | |
| ३. | General Cleaner | 100 | 100 | | 900 | ३२,५१३।- | | | | | | | |

Security Guard को हकमा Basic Salary AED 1200 भएतापनि ओभर टाइम्स् Allowance सहित AED 2260 (ने.रु. ८१,२६५/-) हुनेछ ।

उमेर : 21 देखि 40 बर्ष, उचाई : 5.7 भन्दा माथि, SLC पासका साथै, अंग्रेजी बोल्न, लेख्न र पढ्न सक्ने साथै सम्बन्धीत कामको अनुभव भएकाहरुलई विशेष प्राथमिकता दिईनेछ ।

यसै कम्पनीको लागि PSBD Security Guard (AED 2770) हरुको पनि माग भएकोले इच्छुक व्यक्तिहरुले निशुल्क परामर्शको लागि सम्पर्क गर्नुहोला ।

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैंले | रु. ७००।- कामदार आफैंले | नि:शुल्क |

प्रि अन्तरवार्ता धमाधम भइरहेको छ । फाइनल अन्तरवार्ता निम्न मिति र स्थानमा हुनेछ । २०७९ फागुन ४ गते (16 Feb, 2023) यस प्रा. लि. को शाखा कार्यालय पोखरा, कास्कीमा फागुन ५ गते (17 Feb, 2023) यस प्रा. लि. को शाखा कार्यालय बिर्तामोड, झापामा र फागुन ६ गते (18 Feb, 2023) यस प्रा. लि. को प्रधान कार्यालय बसुन्धारा, काठमाडौंमा हुनेछ ।

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

Gov. Lic. No.: 984/067/068

**SAB International Human Resource Pvt. Ltd.**
Baluwakhani Road, Basundhara, Kathmandu, Tel: 01- 4016509
4016503, 9818258132, 9816138559, 9818354280, 9851051560

### सहकारीको वेथिति नियन्त्रणको कसरत

# ५० करोड बढीको सहकारीको जिम्मा राष्ट्र बैंकलाई

**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, २६ माघ ।

पछिल्लो समयमा सहकारीहरुमा वेथितिको ग्राफ निकै बढ्दै गइरहेको छ । हजारौंको संख्यामा रहेका सहकारीहरुको नियमन आवश्यकता अनुरुप हुन सकिरहेको छैन । संघीय व्यवस्थाको स्थापनासँगै सहकारीहरु माथि नियमनको मुख्य जिम्मेवारी स्थानीय सरकारको भएपनि ती सरकारहरुले सहकारीलाई नियमन गर्न नसकेपछि पछिल्लो समयमा सो क्षेत्रमा वेथिति थप बढ्न थाल्यो । सोही विषयलाई मध्येनजर गर्दै संघीय सरकारले सहकारीहरुलाई प्रभावकारी नियमन गर्न विभागलाई थप अधिकार दिने तयारी गर्न थालेको छ । सरकारले सहकारी ऐन २०७४ लाई संशोधन गरेर सहकारी विभाग र विभागका रजिष्ट्रारलाई थप अधिकार प्राप्त बनाउन लागेको हो ।

गत सोमबार बसेको मन्त्रिपरिषद् बैठकले सहकारी ऐन २०७४ सहित अन्य ऐन पनि संशोधनका लागि संसदमा पेश गर्ने निर्णय गरेको थियो। सहकारी ऐन संशोधन मस्यौदामा सहकारी विभागका रजिष्ट्रारको अधिकारलाई विस्तार गर्ने प्रस्ताव छ।

मस्यौदामा विभाग र विभागको रजिष्ट्रारको अधिकार र जिम्मेवारी बढाइएको विभागको स्रोतले जनाएको छ । स्रोतका अनुसार मस्यौदामा सम्पत्ति शुद्धीकरण, आतंककारी क्रियाकलापमा वित्तीय लगानी वा आम विनासका हातहतियार निर्माण तथा विस्तार र त्यसमा वित्तीय लगानीको विषयलाई स्पष्ट पारिएको छ ।

सहकारी ऐनको संशोधनपछि सहकारी विभागको रजिष्ट्रार वा तोकिएको अधिकारीलाई कुनै पनि सहकारी संस्थालाई अनुगमन तथा निरीक्षण र कानुन अनुसार जुनसुकै सहकारीलाई कारबाही गर्न सक्ने गरी अधिकार प्रदान गर्न लागिएको छ । संविधानले सहकारीहरु संघीय, प्रदेश र पालिकाले हेर्न मिल्ने व्यवस्था छ।

हाल सहकारी ऐनको दफा ९५ मा रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले सहकारी संस्थाको जुनसुकै बखत निरीक्षण तथा हिसाब जाँच गर्न तथा गराउन सक्ने व्यवस्था छ । यस्तै, सोही दफाको उपदफा २ मा नेपाल राष्ट्र बैंकले जुनसुकै बखत तोकिएकोभन्दा बढी आर्थिक कारोबार गर्ने सहकारी संस्थाको हिसाबकिताब वा वित्तीय विवरण निरीक्षण वा जाँच गर्न गराउन सक्ने उल्लेख छ ।

सोही व्यवस्था अनुसार अब ५० करोड रुपैयाँभन्दा बढी पुँजी भएका सहकारीको अनुगमन तथा निरीक्षण गर्ने जिम्मा राष्ट्र बैंकलाई दिन लागिएको हो । मन्त्रिपरिषद् बैठकले सहकारी ऐन र नेपाल राष्ट्र बैंक ऐन २०५८ संशोधनका लागि संसदमा पेस गर्ने निर्णय गरिसकेको छ। ठूला कारोबार गर्ने सहकारीहरुलाई अन्य बैंक तथा वित्तीय संस्थाहरुलाई झैं नियमन गर्ने अवस्था बनेमा अर्थतन्त्र थप पारदर्शी हुने अवस्था सिर्जना हुने र सहकारीमा देखिएका विभिन्न वेथितिको पनि अन्त्य हुन सक्ने अनुमान विज्ञहरुको छ ।

# रौतहट बजार बन्दको घोषणा



**सत्येन्द्रप्रताप सिंह/मध्यान्ह**
रौतहट २६ माघ ।

रौतहट उद्योग वाणिज्य संघले जिल्लाभरीका बजार बन्द गर्ने घोषणा गरेको छ । स्थानीय प्रशासनले व्यवसायिक वातावरणमा बाधा अडचन गरेको र सरकारको नीति विरुद्धमा व्यवसायीहरुको संघले रौतहट जिल्लामा बजार बन्द गर्ने घोषणा गरेको हो ।

रौतहट उद्योग वाणिज्य संघको सभा हलमा बिहीबार आयोजित छलफल कार्यक्रममा उद्योगी व्यवसायीहरुले व्यवसायिक वातावरणमा अवरोध गर्ने स्थानीय सरकारको गतिविधिले विभिन्न समस्याहरु खेप्न परेको बताए । उद्योगी व्यवसायीहरुका विभिन्न व्यवसायिक समस्याहरु समाधान गरि व्यवसायिक वातावरण सिर्जना गर्न र बजारलाई सु-व्यवस्थित बनाउन दबाबमुलक कार्यक्रम गर्न लागिएको बताइएको छ। केही दिन यता रौतहट जिल्लाका स्थानीय प्रशासन तथा विभिन्न निकायबाट बजार अनुगमनको नाउँमा उद्योगी व्यवसायीहरुलाई त्रसित पार्ने काम भइरहेको भन्दै उद्योगी व्यवसायीहरुले आपत्ति जनाएका छन्। व्यवसाय फस्टाउन आवश्यक नीति नियम बनाइ व्यवसायमैत्री वातावरण निर्माण गर्नुको सट्टा प्रतिकुल आर्थिक नीति ल्याएको भन्दै रौतहट उद्योग वाणिज्य संघ गौरको अध्यक्ष पण्डितप्रसाद जयसवालले गुनासो व्यक्त गरे । सरकारको पछिल्लो आर्थिक नीतिबाट व्यवसायीहरुको मनोबल घट्दै जाने अवस्था रहेको उनले बताए । यसबाट व्यवसायीहरु पलायन हुन बाध्य बन्ने उनको जिकिर थियो। मुलुकको व्यवसायिक अवस्था निकै कमजोर र दयनीय स्थितिमा पुगिसकेको बेला नेपाल सरकारले ल्याएको आर्थिक नीतिले गरेको अव्यवहारिक व्याज वृद्धिबाट व्यवसायीहरु थप पीडित बनेको उनले बताए । सरकारको आर्थिक नीतिबाट व्यवसायीहरुको व्यवसायिक वातावरणमा समेत अवरोध भएकोप्रति संघले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

माघ २६ गते देखि २९ गते सम्म अति आवश्यक सेवाहरु बाहेक बजार बन्द गर्न बाध्य भएको संघले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

व्यवसायीहरुले विहीवार बजार बन्दको आह्वान गर्दै मोटरसाइकल र्‍याली गरेका थिए ।

## संसदमा...

अधिवेशन र प्रत्येक वर्षको पहिलो अधिवेशनप्रारम्भ भएपछि संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्नेछ' भन्ने प्रावधान छ ।

गत मंसिर ४ गते सम्पन्नप्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्यको निर्वाचनपछि गठन भएको प्रतिनिधि सभाको पहिलो अधिवेशनलाई राष्ट्रपतिले सम्बोधन गर्न लागेकी हुन् । यस्तै, राष्ट्रपति भण्डारीले भोलि (शनिबार) अपरान्ह ३ बजे नवनिर्वाचित सांसदहरूको सम्मानमा राष्ट्रपति कार्यालय शीतल निवासमा चियापानको आयोजना समेत गरेकी छन् ।

## भर्चुअल...

एक चौथाई सदस्य सहमत भई सो कुरा सभामुखलाई जानकारी गराएमा आवश्यकता अनुरुप कार्याव्यवस्था परामर्श समितिको परामर्शमा सभामुखको निर्णय अनुसार प्रविधिको प्रयोग गरी बैठक बस्न सक्नेछ' नियमावलीको मस्यौदामा उल्लेख छ ।

नोवेल कोरोना भाइरस (कोभिड १९) को महामारीका बेला संसद र संसदीय समिति प्रभावकारी हुन नसकेको र त्यसका लागि भर्चुअल बैठकले मान्यता नपाउँदा समस्या भएको थियो । त्यसबेला बसेका संसदीय समितिका बैठकहरुले सरकार र सम्बन्धित निकायलाई निर्देशन समेत दिन सकेका थिएनन् । निर्देशन दिनुपर्ने विषयलाई सुझावका रुपमा संसदीय समितिहरुले भर्चुअल बैठकको निर्देशन सम्बन्धित निकायमा पठाएका थिए ।

कोराना भाइरसको महामारीका बेला परेको समस्यालाई ख्याल गरेर नियमावली मस्यौदा समितिले यसपटक नियमावलीमै भर्चुअल बैठकलाई कानुनी मान्यता दिने गरी प्रतिनिधिसभा नियमावलीमा राख्ने गरी सहमति जुटाएको हो ।

## एक...

वार्ता गरेको थियो । यस बीचमा टीकापुर घटनाका आरोपमा जेल सजाय खेपिरहेका रेशम चौधरीको मुद्दा सर्वोच्च अदालतले सुनुवाई अगाडि बढाएको छ ।

अर्थात, अस्थिरताको संकेत एकातिर मात्रै छैन । ४ मंसिरमा सम्पन्न चुनावपछि बनेको सरकार एक महिनामा ढलेर सुदुरपश्चिम प्रदेशबाट राजनीतिक अस्थिरताको शुरुवात भएको हो । यसको छनक केन्द्रीय राजनीतिमा पनि देखा पर्न थालिसकेको छ । बिहीबार बस्ने भनिएको एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वको उच्चस्तरीय राजनीतिक संयन्त्रको बैठक बस्न सकेन। शुक्रबारका लागि तय भएको बैठक बस्छ या बस्दैन भन्ने प्रष्ट नरहेको नेताहरु बताउँछन् । नेकपा एमालेका नेता कृष्णभक्त पोखरेल विगत पाँच वर्षको राजनीतिबाट एमाले र माओवादी दुवैले पाठ सिक्नुपर्ने बताउँछन् । उनी भन्छन्- 'केन्द्रीय राजनीतिले नै राजनीतिक स्थिरताको सुनिश्चित गर्ने हो, सुदूरपश्चिममा नमिलेको मेल संघीय उच्चस्तरीय राजनीतिक संयन्त्रले मिलाउनुपर्छ ।'

## मनपरी....

गरेका छौं । आगामी दिनमा पनि त्यस्ता शिक्षण संस्था कारवाहीको दायरामा आउने नै छन्,' शिक्षामन्त्रालयका सूचना अधिकारी धनबहादुर श्रेष्ठले भने । उनले मनपरि शुल्क उठाउने हरेक शिक्षण संस्थालाई कारवाही गर्न मन्त्रालय तत्पर रहेको दाबी पनि गरेका छन् । तर, सरकारको उचित निगरानी र नियमन नहुँदा शिक्षा क्षेत्रलाई व्यापारीकरण गरिदा विद्यार्थी र अभिभावकहरु मारमा परेका छन् । जसले गर्दा अभिभावकलाई आर्थिक भार थपिएको मात्र होइन, संविधानमै उल्लेखित अधिकार समेत कुण्ठित भएको आरोप लाग्दै आएको छ ।

**मलेसियामा रोजगार**

१. कम्पनी : DOSHIN RUBBER PRODUCTS (M) SDN.BHD
शहर: JALAN

पुर्व स्वीकृत मितिः २०७९/०६/२७ | चलानी नं.: ६०१८९२५७ | L.T. No.: 273178 | पुन:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 28 | 0 | स. काममा दक्ष | 1500 | ४५,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन ५ गते (17 February 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझा विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला

**Fair Connect Resource Pvt. Ltd.**
श्रम ईजाजत नं.: १२७९/०७४/०७५
Basundhara-3, Kathmandu Nepal, Tel :- 00977-1-5905737
Email :- agencyfcr@gmail.com

प्रदेश सरकार
सडक पूर्वाधार तथा शहरी विकास मन्त्रालय
**यातायात पूर्वाधार निर्देशनालय**
# पूर्वाधार विकास कार्यालय
उदयपुर
प्रदेश नं.१, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशन मिति २०७९/१०/२७**

यस कार्यालयको मिति २०७९/०९/२० गते बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार निर्माण कार्य गर्नको निम्ति पेश भएका बोलपत्रदाताहरुको मूल्याङकन गर्न गठित मूल्याङकन समितिको सिफारिस अनुसार देहाय बोलपत्रदाताले पेश गरेको बोलपत्र कम मूल्याङकित सारभूत रुपमा प्रभावकारी देखिएको हुँदा सो बोलपत्र स्वीकृत गरिने भएकोले सार्वजनिक खरिद ऐन २०६३ (संशोधित) को दफा २७ (२) को प्रयोजनका लागि प्रकाशित मितिदेखि ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ । साथै सार्वजनिक खरिद ऐन, २०६३ दफा ४७ को प्रयोजनार्थ सम्वन्धित सवै वोलपत्रदाताहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

| S.N. | Contract ID | Name of Project | Name and Address of Bidder | Bid Price (With VAT & PS) |
|---|---|---|---|---|
| 1 | IDO/UDA/NCB/ W/R/43/079-080 | Upgrading of Katari 3-Bahunitar-Runche Bhanjyang Road, Udaypurgadhi Ga.Pa.-1, Udayapur | Makalu Nirman Sewa, Kamalamai-4, Sindhuli | NRs.18,23,682.02 |
| 2 | IDO/UDA/NCB/ W/R/44/079-080 | Upgrading of Bhagwati Chowk-Khadikhop-Patane gaiya-Tawashree-Ghatta jaruwa-Tapali Bhanjyang Road, Katari Na.Pa.-5, Udayapur | Makalu Nirman Sewa, Kamalamai-4, Sindhuli | NRs.18,01,059.42 |
| 3 | IDO/UDA/NCB/ W/R/45/079-080 | Upgrading of Katari Na. Pa. Bhagwati Mandeer-Khadikhop-Patane-Tawa shreeGhatta-Tapli Bhanjyang Road, Katari Na.Pa.-3, Udayapur | K.N.Construction and Suppliers, Katari-3, Udayapur | NRs.17,50,102.64 |
| 4 | IDO/UDA/NCB/ W/R/46/079-080 | Upgrading of Udayapurgadhi- Keureni-Kurkuntar Road, UdaypurgadhiGa.Pa.-5, Udayapur | Shiva shakti Nirman Sewa, Udayapurgadhi, Udayapur | NRs.17,95,212.80 |
| 5 | IDO/UDA/NCB/ W/R/47/079-080 | Upgrading of Belka na.pa.3 Ratapani-Sunarkhani Road, Belka Na.Pa.-3, Udayapur | Nishan Nirman Sewa, Triyuga, Udayapur | NRs.19,14,603.60 |
| 6 | IDO/UDA/NCB/ W/R/48/079-080 | Upgrading of Bargachhi-Kadamgachhi-Beldovan-Letang-Chilaune Bhanjyang-Tallo Ranibash Road, Triyuga 10, 16 & 15, Udayapur | Aanand Construction, Triyuga-10, Udayapur | NRs.24,15,583.00 |
| 7 | IDO/UDA/NCB/ W/R/49/079-080 | Upgrading of Rupatar-Kathare-Tamakharka-Iname Road, Tapli Rural Municipality | Mahabharat Tapli Construction, Tapli, Udayapur | NRs.28,76,906.88 |
| 8 | IDO/UDA/NCB/ W/R/50/079-080 | Upgrading of Hathi-Sunde-Sorung Road, Katari Municipality, Udayapur | P K Nirman Sewa, Katari-4, Udayapur | NRs.16,29,854.00 |
| 9 | IDO/UDA/NCB/ W/R/51/079-080 | Upgrading of Betni-Chilaune-Baseri Road, Katari Municipality, Udayapur | P K Nirman Sewa, Katari-4, Udayapur | NRs.16,78,868 |
| 10 | IDO/UDA/NCB/ W/R/52/079-080 | Upgrading of Sikre- Basheri-Chaukibhanjyanga Road. Katari Municipality, Udayapur | P K Nirman Sewa, Katari-4, Udayapur | NRs.16,73,607.60 |
| 11 | IDO/UDA/NCB/ W/R/53/079-080 | Upgrading of Kharmi-Jalpa Road, Khotang | Cripson Construction and Supply Pvt.Ltd, Beltar-6, Udayapur | NRs.36,00,799.00 |
| 12 | IDO/UDA/NCB/ W/R/54/079-080 | Upgrading of Holesung -janakraj- rai- marga Road, Khotang | Rastra Construction, Dhangadimai-04 | NRs.19,85,696.40 |
| 13 | IDO/UDA/NCB/ W/R/55/079-080 | Upgrading of Milan Chowk to SakelaPra. Bi. to Mewakhola Road, Diktel Rupakot Majhuwagadhi Municipality 6, Khotang. | Tyarpachung Nirman Sewa, Sakela Rural Municipality, Khotang | NRs.20,50,183.63 |
| 14 | IDO/UDA/NCB/ W/R/56/079-080 | Upgrading of Naulo kharka Huppu Road, Sakela-4,5, Khotang. | Tyarpachung Nirman Sewa, Sakela Rural Municipality, Khotang | NRs.17,93,012.13 |
| 15 | IDO/UDA/NCB/ W/R/58/079-080 | Upgrading of Krishi Gyankendra Karyalaya-Purano Pancha Ma.Bi. Bhawan, Di. Ru. Ma. Na. Ma. Khotang. | Super Gaugat Suppliers & Construction Pvt.Ltd. Diktel, Khotang | NRs.17,14,725.04 |
| 16 | IDO/UDA/NCB/ W/R/61/079-080 | Upgrading of Uchalane Dhunga Lamidanda Puware Thumka Dharae Ghat Bhojpur Road, Belka, Udayapur. | Dhan Laxmi Nirman sewa, Triyuga-11,Udayapur | NRs.40,76,404.70 |
| 17 | IDO/UDA/NCB/ W/R/62/079-080 | Upgrading of Madhyapahadi Rajmarga Banjhe Dekhi Dandagaun Hudai Palika Kendra Manebhanjyang link Road, Sakela Rural Municipality, Khotang. | Mahadev Sthan Nirman Sewa, Kathmandu | NRs.58,36,403.02 |
| 18 | IDO/UDA/NCB/ W/R/63/079-080 | Upgrading of Surya chowk-Mangteng-Naktang-Khuwalung-Tribeni Sadak, Belka Na.Pa.-7, Udayapur | Raadha Krishna Construction, Chaudandigadhi-6, Udayapur | NRs.21,04,527.93 |
| 19 | IDO/UDA/NCB/ W/R/64/079-080 | Upgrading of Airport-Sawakhola-Jantedhunga-Sadak, Khotang | Nitesh Construction,Khotehang Rural Municipality-7,Khotang | NRs.29,93,032.77 |

**Office Chief**

# दुई महिनादेखि तलब नपाएको कर्मचारीको गुनासो



**रामकरन हरिजन/मध्यान्ह**
पश्चिम नवलपरासी, २६ माघ

पश्चिम नवलपरासीको रामग्राम नगरपालिका र सरावल गाउँपालिकाका कर्मचारीहरुले तलब नपाएको गुनासो गरेका छन्। नेपाल सरकारको स्थानीय सरकारसँग पैसा नभएर २ महिनादेखि नगरपालिकाका कर्मचारीहरुले तलब नपाएका रामग्राम नगरपालिकाका लेखा शाखाका कर्मचारी संजय शर्माले बताए।

'गाउँपालिकाले तोकिएको लक्ष्यभन्दा कम राजश्व संकलन गरेको छ। त्यही भएर २ महिनादेखि गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरुले तलब पाएको छैनन्' सरावल गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत दुर्गा पौडेलले भने। 'नवलपरासीको प्रतापुर गाउँपालिकाका कर्मचारीहरुको तलबको समस्या छैन। गाउँपालिकाको राजश्व स्रोत दिन प्रतिदिन न्यून हुँदै गएको छ' प्रतापपुर गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत चिरन्जीवी घिमिरेले भने।

नवलपरासीको सुस्ता गाउँपालिका र बर्दघाट नगरपालिकाका कर्मचारीहरुले पनि अहिलेसम्म तलब पाएका छैनन्। देशको अवस्था यस्तै रह्यो भने केहि महिनामा कर्मचारीहरुले तलबको समस्या आउने सुनवल नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत भक्तिराम मरासिनीले बताए।

नवलपरासीको सुनवल नगरपालिका, सुस्ता गाउँपालिका, बर्दघाट नगरपालिकाका, पाल्हीनन्दन गाउँपालिका, प्रतापपुर गाउँपालिकाका कर्मचारीहरुले पुस महिनासम्मको तलब लिइ सकेको कर्मचारीहरुले बताएका छन्।

# सातवटा अस्पताललाई एम्बुलेन्स हस्तान्तरण

**काठमाडौं/मस–** बागमती प्रदेश सरकारले सातवटा अस्पताललाई एम्बुलेन्स हस्तान्तरण गरेको छ। बागमती प्रदेशको स्वास्थ्य आपूर्ति केन्द्रद्वारा प्रादेशिक अस्पताललाई एम्बुलेन्स हस्तान्तरण गरिएको हो।

आपूर्ति केन्द्रका अनुसार प्रदेशको वुकुलर अस्पताल रत्ननगर, रामेछाप अस्पताल, मेथिनकोट अस्पताल काभ्रे, वज्रबाराही अस्पताल चापागाउँ ललितपुर, भक्तपुर अस्पताल, टोखा चण्डेश्वरी अस्पताल काठमाडौं तथा पशुपति चौलागाईं स्मृति अस्पताल दोलखालाई एक-एक वटा एम्बुलेन्स हस्तान्तरण गरिएको हो। केन्द्रका अनुसार ती एम्बुलेन्स (ख) वर्गको रहेको तथा प्रतिएम्बुलेन्स रु ५२ लाख ९० हजारमा खरिद गरिएको बताइएको छ। सात वटा एम्बुलेन्सको कूल खरिद मूल्य रु तीन करोड ७० लाख ३० हजार रहेको छ।

आपूर्ति केन्द्रद्वारा बिहबीबार आयोजित एक कार्यक्रमबीच बागमती प्रदेशका स्वास्थ्यमन्त्री रामेश्वर श्रेष्ठले अस्पतालका सम्बन्धित निकायलाई एम्बुलेन्स हस्तान्तरण गरेका हुन्। सो अवसरमा मन्त्री श्रेष्ठले अस्पताललाई सुविधा सम्पन्न बनाउने योजनाअन्तर्गत उक्त एम्बुलेन्स हस्तान्तरण गरिएको बताए।


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७८/१२/०८ मा दर्ता भएको **प्रा.लि. नं. २८७२२२** को **एस.डि.एस. आल्मुनियम डेकोरेशन प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।



**मलेसियामा रोजगार** | कम्पनी: **CAKRA WIRA SECURITY SERVICES (M) SDN BHD**
शहर: **SELANGOR**

पूर्व स्वीकृत मितिः २०७९/०८/२१ | चलानी नं.: ६०१९२८८८ | LT. No.: 277286 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 26 | 0 | स. काममा दक्ष | 1500 | ४५,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन ५ गते (17 February 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**A.N.S. ASSOCIATES PVT. LTD.**
**ए.एन.एस.एशोशिएट्स प्रा. लि.**
Govt. Lic. no.: 473/060/61
Boudha, Mahankal-06, Kathmandu, Nepal | Phone No. 01-5918472, 01-5918424
Mobile :9851089179/9812735209 E-mail : anspasang8125@gmail.com | Website : www.ansassociates.com.np



**मलेसियामा रोजगार** | कम्पनी: **DAYA INTELEK SECURITY SERVICES SDN. BHD**
शहर: **KUALA LUMPUR**

पूर्व स्वीकृत मितिः २०७९/१०/२३ | चलानी नं.: ६०१९६२९९ | LT. No.: 280596

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 45 | 0 | स. काममा दक्ष | 1500 | ४५,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ फागुन ५ गते (17 February 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसग राख्नुहोला। ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**Success Nepal Manpower Agency Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Phone No : 4970109 | Lic. No. 987/067/068



नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभाग

**वैदेशिक रोजगार विभागको सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न ईजाजत प्राप्त **जेन्यून प्लेसमेन्ट प्रा.लि.** (इ.प.नं. ९८२) का तपशिल बमोजिमका सञ्चालक शेयरधनीले आ-आफ्नो नाममा कायम रहेको शेयरहरु तपशिल बमोजिमका खरिदकर्ताहरुलाई बिक्री गरी दिई खरिदकर्ताको नाममा शेयर दा.खा. नामसारी गरि पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयरको हक हस्तान्तरण तथा नामसारीको सहमति दिँदा कोही कसैको हक स्वामित्व तथा लेना देनामा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सवुद प्रमाण सहित **वैदेशिक रोजगार विभाग**मा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारी को लागि यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ।

**तपशिल**

| साविकको शेयरधनीको नाम/शेयर संख्या | अब कायम हुने शेयरधनीहरुको नाम/शेयर संख्या |
|---|---|
| **१ श्री नरेश गेलाल (कित्ता.नं. ०१ देखि ४०,००० सम्म)** | **१. श्री रुपेश भट्टराई (कित्ता.नं. ०१ देखि १६,००० सम्म)**<br>**२. श्री हिरादेवी बुढाथोकी (कित्ता.नं. १६,००१ देखि २६,००० सम्म)**<br>**३. श्री मुना खरेल (कित्ता.नं. २६,००१ देखि ४०,००० सम्म)** |



# Invitation for Bids

## Dharche Rural Municipality
## Office of Rural Municipal Executive
Machhikhola, Gorkha

**Date of publication: 2079/10/27**

**Contract Identification No.:DRM/NCB/WORKS/01/079-080**

1. ***The Government of Nepal [GoN] has allocated funds*** towards the cost of ***Construction of Hostel Block of Mega School (Prabhat Kiran Ma. Vi) in Machhikhola , Gorkha*** and intends to apply part of the funds to cover eligible payments under the Contract ***for Construction of Hostel Block of Mega School (Prabhat Kiran Ma. Vi) in Machhikhola , Gorkha(Contract Identification No.: DRM/NCB/WORKS/01/079-080).*** Bidding is open to all eligible as per Section V of bidding document.
2. ***Dharche municipality*** invites sealed bids or electronic bids from eligible bidders for the construction of ***Three storeyed R C C hostel block*** under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: ***NRs* 3,00,00,000**
3. Minimum Work experience of similar size and nature: ***At least 1 Contract within the last ten (10) years, each with a value of at least NRs 2,00,00,000.00.***
4. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
5. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Dharche municipality, Machhikhola, Gorkha, Gandaki province, Nepal*** or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
6. A complete set of Bidding Documents for e-submission should be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document **Rs.5000** (non refundable) in the Project's Rajaswa (revenue) account as specified below on or before ***11 Mar 2023*.**
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank : Civil Bank Limited
   Name of Office : Dharche Rural Municipality
   Office Account No. : Ga-1-1-07510357041108
7. Pre-bid meeting shall be held at ***Dharche municipality, Machhikhola, Gorkha*** at ***2023-03-02***
8. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before ***12:00 PM*** on ***12 Mar 2023.*** Bids received after this deadline will be rejected.
9. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***12 Mar 2023, 2:00 PM*** at the office of ***Dharche municipality, Machhikhola, Gorkha.*** Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of **10,00,000** which shall be valid for 30 days beyond the validity period of the bid**.**
10. Matters not covered in this notice shall be treated in accordance with PPA-2063.
11. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**



# Invitation for Sealed Quotation

## Shubhakalika Rural Municipality
## Office Of The Rural Municipal Executive
**Karnali Province**
**Sukatiya Kalikot, Nepal**

**Date of First Publication: 2079/10/27(10th , February 2023)**

1. Shubhakalika Rural Municipality Sukatiya, Kalikot invites Sealed Quotation from the eligible registered suppliers for the supply and delivery of Construction Tools through sealed quotation given in table below under invitation for sealed quotation.

| S N | Contract Identification Number/Goods Description | Bid Security Amount (NRs) | Estimated Amount with out VAT (NRs) | Bid Document Fees (NRs) |
|---|---|---|---|---|
| 1 | SRM/KKT/GOODS/SQ/04/079-080<br>Procurement and Delivery of Construction Materials -Tolipata DWSS | 20,000/- | 801437.92 | 1000/- |
| 2 | SRM/KKT/GOODS/SQ/05/079-080<br>Procurement and Delivery of Construction Materials (Haudigadh Irrigation) | 40000/- | 1764169.18 | 1000/- |
| 3 | SRM/KKT/GOODS/SQ/06/079-080<br>Procurement and Delivery of Medical Items for Health Offices | 30000/- | 1204794.93 | 1000/- |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Shubhakalika Rural Municipality Office, Sukatiya Kalikot, Contact No:- 9845620765 or may visit www.bopatra.gov.np/egp
3. Bidder bidding documents, submitting their bid, bidder should deposit the cost of bidding document fee stated in the above table in the Project's Rajaswa (revenue) account as specified below and e-copy of the Bank deposit voucher shall be provided by the bidder at the time of online submission of the bids at Shubhakalika Rural Municipality Office, Sukatiya Kalikot.
   **Information to deposit the cost of bidding document in Bank:**
   **Name of Bank :-Agricultural Development Bank limited**
   **Name of Office:-Shubhakalika Rural Municipality**
   **Office Code no :- 801066504 Rajaswo Account no :-0725901535669050**
4. Pre bid meeting shall be held at Shubhakalika Rural Municipality Office, Sukatiya Kalikot at 5:00PM afternoon (2079/10/07), 4th Feb, 2023.
5. E-Sealed bids must be submitted to the office of the Shubhakalika Rural Municipality, Sukatiya Kalikot through e-GP system i.e www.bopatra.gov.np/egp on or before 12:00 noon on (2079/11/12), 24th Feb, 2023. Bids received after this deadline will be rejected.
6. Bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 hrs. on (2079/11/12),24th Feb, 2023. at Shubhakalika Rural Municipality Office, Sukatiya, Kalikot. Bid validity period and Bid security validity period for bids shall be 30 days and 45 days from bid opening date If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. If bidder wishes to submit the Bid Security in the form of cash, bidder has to deposit cash in Deposit Account no: 0725901535669042, Shubhakalika Rural Municipality Office, Sukatiya, Kalikot and Name of Bank:- Agricultural Development Bank limited and submit bank deposit voucher along with the bid.
8. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
9. Matters not covered in this tender notice shall be in accordance with public procurement act, 2063 and public procurement regulations, 2064 and other prevailing rules and regulations of Nepal.

**Asst. Chief Administrative Officer**

मध्यान्ह
www.madhyanhadaily.com
२७ माघ २०७९, शुक्रबार
10 February 2023, Friday

## सम्पादकीय

# विश्वास गुम्ने खतरा

नागरिक उन्मुक्ति पार्टीका सांसदहरू प्रदेशसभा बैठकमै अनुपस्थित हुँदा सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री राजेन्द्र रावल पदमुक्त भएका छन् । संवैधानिक व्यवस्था अनुसार, बिहीबार साँझ ५ बजेसम्म रावलले विश्वासको मत लिइसक्नुपर्ने थियो । तर नागरिक उन्मुक्ति पार्टी सात सांसद प्रदेशसभा बैठकमा अनुपस्थित रहे । यिनै सांसदहरूको समर्थनमा २७ पुसमा नेकपा एमालेका नेता रावल मुख्यमन्त्री नियुक्त भएका थिए । संविधानको धारा १६८ (२) बमोजिम मुख्यमन्त्री नियुक्त रावलले तीस दिनभित्र विश्वासको मत लिन सकेनन् । यसपछि संविधानको अर्को व्यवस्था बमोजिम संवैभन्दा ठूलो दलको नेताका हैसियतमा कमलबहादुर शाह मुख्यमन्त्री नियुक्त भएका छन् । प्रदेश प्रमुख देवराज जोशीले शाहलाई मुख्यमन्त्री नियुक्त गरेका हुन् ।

मुलुक संघीयतामा गएपछि पहिलोपटक यस्तो दृष्य देखिएको हो । ०७४ को चुनावपछि तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को ६ प्रदेश र मधेश प्रदेशमा मधेश केन्द्रीत दलहरूले बहुमतको सरकार बनाएको थियो । त्यसैले विश्वासको मत सहजै प्राप्त गरे । यसपटक पनि अन्य प्रदेशका मुख्यमन्त्रीहरूले विश्वासको मत लिएर सरकार गठन प्रक्रिया लगभग पूरा गरिसकेका छन् । तर सुदूरपश्चिम प्रदेशमा बहुमत सांसदको समर्थनमा मुख्यमन्त्री नियुक्त रावलले एक महिनामै पदमुक्त हुनु परेको छ । यसले सुदूरपश्चिममा राजनीतिक अस्थिरताको थालनी गरेको छ । किनकि प्रदेशसभाको संसदीय समीकरणले अर्को सरकारलाई बहुमत प्राप्त हुने सम्भावना समेत न्यून छ । यो प्रदेशमा कांग्रेससँग १९ सांसद छन् । सरकार गठनका निम्ति बहुमत सांसद संख्या २७ हो । कांग्रेसलाई ४ सिटको नेकपा एकीकृत समाजवादीले साथ दिने सम्भावना छ ।

त्यसैले अहिलेकै राजनीतिक समीकरण रहेमा नागरिक उन्मुक्तिले निर्णय नलिएसम्म सरकारले विश्वासको मत प्राप्त गर्ने सम्भावना छैन । त्यो भनेको आमचुनाव सम्पन्न भएको दुई महिना नबित्दै सुदूरपश्चिममा मध्यावधि चुनावको सम्भावना बढ्नु हो । त्यो मध्यावधिले प्रदेश सरकार गठनको समस्या समाधान गर्न पनि सक्ला । तर यो प्रक्रियाले प्रदेश संरचनाप्रति नागरिक विश्वास बलियो बनाउन सहयोग पुग्दैन । त्यसैपनि राजनीतिक नेतृत्वमा इमान्दारिता नदेखिदा प्रदेश संरचनाप्रति प्रश्न उठ्ने गरेको छ । संघीयताविरोधी शक्तिहरू राष्ट्रिय राजनीतिमा उदाउनुको पछाडि पनि प्रदेश संरचनाबारे जनविश्वास कमजोर रहेकै बुझ्न सहयोग पुग्छ । जबकि विद्यमान संविधान कार्यान्वयनका निम्ति संघीयता मूल अन्तर्वस्तु हो । तसर्थ नागरिकमा प्रदेश संरचनाबारे विश्वास जोगाउनका निम्ति राजनीतिक नेतृत्वले विवेकपूर्ण निर्णय लिन ढिलाइ गर्न हुन्न ।

# बालबालिकामा लगानी

अग्रलेख



● टिका बिक



*बालबालिकाहरू स्वास्थ्य र शिक्षा जस्ता अत्यावश्यक सेवाहरूका सबैभन्दा ठूलो प्रयोगकर्ता हुन् । तर, सरकारले सबै बालबालिकाहरूको हितका लागि पर्याप्तरूपमा रकम बिनियोजन गर्न सकिरहेको छैन । जब बजेटले बालबालिकाको अधिकारलाई प्राथमिकतामा राख्दैन वा बिनियोजित बजेट प्रभावकारी कार्यान्वयन हुँदैन तब बालबालिकाहरू बाँच्न, राम्रो सिक्न वा संरक्षणबाट लाभान्वित हुन सक्दैनन् । त्यस्तो अवस्थामा असमानता, भेदभावबाट सबैभन्दा बढी प्रभावित भई सबैभन्दा बढी गुमाउने बालबालिकाहरू नै हुन्छन् ।*

लामो समयको पैरवीपछि बालबालिकाको अधिकारका लागि विश्वव्यापीरूपमा संयुक्त राष्ट्रसंघबाट बालअधिकार महासन्धी २० नोबेम्बर १९८९ मा पारित भएको थियो । यस महासन्धीले बालअधिकारका सिद्धान्तहरु र राज्यले पूरा गर्नुपर्ने दायित्वका सम्बन्धमा ४१ वटा धाराहरुमा व्यवस्था गरेको छ । यस महासन्धीसहित बालअधिकारहरुको प्रत्याभूति, संरक्षण परिपूर्तिका र प्रर्बद्धनका लागि विभिन्न नीति नियमहरु जारी भएका छन् । नेपालले पनि बालअधिकार महासन्धीलाई सन् १९९० सेप्टेम्बरमा १४ मा अनुमोदन र अबलम्बन गरिसकेको छ । यसलगायत नेपालले संवैधानिकरूपमा बालअधिकारको सबालहरुलाई सम्बोधन गरेको छ । त्यसैगरी, बालबालिकासम्बन्धि ऐन, २०७५लगायत विषय क्षेत्रको हिसाबले कयौं नीति, ऐन, नियमावली र निर्देशिकाहरु जारी गरी कार्यान्वयनको अवस्थामा पुगेका छन् ।

नेपालले अनुमोदन गरेको बालअधिकार महासन्धीले बालबालिका र किशोर-किशोरीका आधारभूत आवश्यकताहरु, आर्थिक र सामाजिक अधिकारको रूपमा पुरा हुने प्रत्याभूति (ग्यारेन्टी) दिन्छ र राज्य पक्षले न्यायिक/कानुनी, प्रशासनिक र अन्य उपायहरु लागु गरी त्यस्ता अधिकारहरु लागु गर्न उपलब्ध स्रोतहरुको अधिकतम् सीमा तय गर्नुपर्छ भनि व्याख्या गर्दछ । बालअधिकार महासन्धीको धारा (४) त्यसैगरी बालअधिकारको प्राप्तिका लागि सार्वजनिक बजेटको सन्दर्भमा सामान्य टिप्पणी नं १९ (२०१६)ले राष्ट्रिय र क्षेत्रीय दुबै तहमा सार्वजनिक बजेटमा लगानी गर्नुले बालबालिकाको अधिकारलाई प्राप्त गर्न मात्र नभई भविष्यको आर्थिक बृद्धि, दिगो सकारात्मक प्रभाव, समावेशी विकास, सामाजिक न्याय र एकतामा योगदान पुग्दछ भनेर भनिएको छ ।

